# देशभक्तिका आधुनिक नेपाली गीतमा शिल्पविधान

**डा. ढुण्डिराज पहाडी**

***सार***

*प्रस्तुत अध्ययन आधुनिक नेपाली गीतमा प्रयुक्त शिल्पपद्धतिको वस्तुनिष्ठ विश्लेषणसँग सम्बन्धित छ। यसमा देशभक्तिको सैद्धान्तिक सन्दर्भ र गीतितत्त्वलाई आधार बनाउँदै २००० देखि २०२० सम्मका नेपाली गीतको स्वच्छन्दतावादी गीतिधारा र प्रगतिवादी गीतिधाराका २५ ओटा विवेच्य गीतबाट तथ्याङ्क सङ्कलन गरी देशभक्तिका गीतलाई आस्वाद्य बनाउने शिल्पकौशलको सम्यक् मूल्याङ्कन गरिएको छ। देशभक्तिका आधुनिक नेपाली गीतको चयन गर्दा ऐतिहासिक घटना तथा वीर पूर्वजप्रति गर्वको अनुभव, देशको राष्ट्रिय सम्पदाप्रति आकर्षण र प्राकृतिक परिवेशप्रतिको मोहलाई सूचकका रूपमा प्रस्तुत गरिएको छ। गीतिकौशलको विश्लेषणका निम्ति गीतितत्त्वमा केन्द्रित हुँदै मूलतः अप्रस्तुतविधान, लयविधान र भाषाप्रयोगलाई प्रमुख आधार बनाइएको छ। प्रस्तुत अध्ययनमा देशक्तिका गीतको सौन्दर्य उच्च बनाउने शिल्पगत कारक गीतमा प्रयुक्त श्रुतिरम्य, अनुप्रासयुक्त, साङ्गीतिक, कोमल पदपदावलीको प्रयोग, लोकलयको संयोजन र रूपक, उपमा, मानवीकरण तथा सरल स्वयम् पारदर्शक बिम्बालङ्कारहरूको प्रयोग जस्ता रूपतात्त्विक प्रविधि नै हुन् भन्ने निष्कर्ष प्रस्तुत भएको छ।*

**शब्दकुञ्जी** : अप्रस्तुतविधान, मध्यानुप्रास, श्रव्यरमणीयता, रूपतात्त्विक प्रविधि, लघु बिम्ब।

## विषयपरिचय

नेपाली साहित्यका सिर्जनाहरूमध्ये गीत विशिष्ट र लोकप्रिय रचना हो। यसलाई कविताकै उपविधा मानिन्छ। विश्वसाहित्यमा पनि गीतले आफ्नो विशिष्ट र मौलिक स्वरूप देखाउँदै विकसित भएको पाइन्छ। प्राचीन ग्रिसमा 'लायर' नामक बाजासँग गाइने गीतलाई 'लिरिक' भनिन्थ्यो (अब्रम्ज, सन् २००, पृ. १४७)। ' लायर' नामक बाजासँग गाइने ती गीतहरू सङ्क्षिप्त आयामका निजात्मक भावना प्रकट गर्ने विशिष्ट स्वरूपका हुन्थे। नेपाली साहित्यमा प्रचलित साहित्यिक गीतहरू पनि गेय, सङ्क्षिप्त आयामका, आत्मनिष्ठ र वैयक्तिक प्रकृतिका भएकाले 'लिरिक' कै संरचनासँग मिल्ने रचना मानिन्छन्।

पूर्वीय साहित्यमा गीतको वस्तुनिष्ठ चर्चा पाइँदैन। संस्कृतमा गै+क्त मिलेर 'गीत' शब्दको उत्पत्ति भएको मानिन्छ। संस्कृत तत्सम शब्दका रूपमा चिनिने 'गीत' को अर्थ गाना भन्ने हुन्छ। पूर्वीय साहित्यमा ऋग्वेदका गेय ऋचाहरू, सामवेदका सात स्वर, भरतमुनिले नाटकको एउटा तत्त्व गीतका रूपमा लिएको स्वीकारोक्ति, वैदिक कालका गन्दर्भहरूको गायन आदिलाई गीतको पृष्ठभूमिका रूपमा लिइन्छ। नेपाली कविताको स्वच्छन्दतावादी धारासँगै लक्ष्मीप्रसाद देवकोटाको अगुवाइमा २००० को दशकमा स्थापित काव्य गीत वा साहित्यिक गीतहरू सङ्क्षिप्त, संवेगपूर्ण, आत्मनिष्ठ, वैयक्तिक र गेय स्वरूपका देखिन्छन्। विवेच्य सन्दर्भमा अध्ययन गरिएका आधुनिक गीतहरू पनि आवेगपूर्ण, गेय र वैयक्तिक अनुभूतिले भरिएका रचना हुन्। नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटा पछि गीतको स्थापना, विकास र विस्तारमा योगदान दिने गीतकारहरू माधव घिमिरे, अगमसिंह गिरी, म.वी.वि. शाह, लक्ष्मण लोहनी, किरण खरेल, रत्नशमशेर थापा, छिन्नलता, राममान तृषित, कालिप्रसाद रिजाल, क्षेत्रप्रताप अधिकारी आदि हुन्। यिनै गीतकारहरूले रचेका गीतहरूको परम्परामा २००० पछि स्वच्छन्दतावादी गीतिधारा

*Received : October 2020*  *Accepted : December 2020*

र प्रगतिवादी गीतिधाराका रूपमा गीतिसाहित्य गीतिधारा र प्रगतिवादी गीतिधाराका रूपमा गीतिसाहित्य अगाडि बढेको देखिन्छ। २००७ सालमा रेडियो नेपालको स्थापनाले गीतिसाहित्यलाई प्रसारित र विकसित अवस्थामा पुऱ्याएपछि धेरै गीतकारहरू थपिँदै गएका देखिन्छन्। प्रगतिवादी गीतिधारालाई नेतृत्व गर्ने गीतकारहरू गोकुलप्रसाद जोशी, केवलपुरे किसान, युद्धप्रसाद मिश्र, मोदनाथ प्रश्रित आदि देखिन्छन्।

नेपाली गीतकारहरूले विविध किसिमका अन्तर्वस्तु भएका गीतहरू रचे पनि नेपाली समालोचनाका क्षेत्रमा ती सरस र सन्देशपूर्ण गीतहरूको शिल्पविधानका बारेमा सघन र व्यवस्थित विश्लेषण भएको छैन। त्यसैले देशभक्तिका गीतहरूमा के कस्तो शिल्पविधान पाइन्छ भन्ने प्रमुख प्राज्ञिक जिज्ञासा राखी प्रस्तुत अध्ययन गरिएको हो। यस अध्ययनमा देशभक्तिका गीत सिर्जना गर्ने आधुनिक नेपाली गीतका माधव घिमिरे, लक्ष्मण लोहनी, छिन्नलता, किरण खरेल र मोदनाथ प्रश्रितका पाँचपाँच ओटा गीत चयन गरी ती गीतमा प्रयुक्त शिल्पपद्धतिको विश्लेषण गरिएको छ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका निम्ति पुस्तकालयीय स्रोतको उपयोग गरिएको छ। यसमा विश्लेष्य सामग्रीको चयन गर्दा गीतकारका रचनालाई प्राथमिक सामग्री र सैद्धान्तिक अध्ययनका सन्दर्भमा उपयोग गरिएका तथा अध्ययनमा प्रस्तुत दाबीलाई पुष्टि गर्न उपयोग गरिएका समालोचनात्मक ग्रन्थ, पत्रपत्रिका आदिलाई द्वितीयक सामग्रीका रूपमा विभाजन गरिएको छ। गीतकार माधव घिमिरेको 'किन्नर किन्नरी', गीतसङ्ग्रहका पाँच ओटा गीत, लक्ष्मण लोहनीको 'हिमालको शान' कविता तथा गीतसङ्ग्रहका पाँच गीत, छिन्नलताको 'अन्तर्भावना' गीत सङ्ग्रहबाट पाँच गीतिरचना, 'के हो तिम्रो नाउँ', गीतसङ्ग्रहबाट चयन भएका पाँच गीत र मोदनाथ प्रश्रितको 'जब चल्छ हुरी' गीतसङ्ग्रहका पाँच ओटा गीतसमेत जम्मा २५ ओटा देशभक्तिका गीतहरूलाई प्राथमिक सामग्री मानी तथ्याङ्क सङ्कलन गरिएको छ। गीतको शिल्पविधानको सम्यक् विश्लेषणका निम्ति देशभक्तिको सैद्धान्तिक सन्दर्भ र गीतितत्त्वमा शिल्पविधानभित्रका मूल घटक अप्रस्तुतविधान, लयविधान र भाषाप्रयोगलाई आधार बनाइएको छ। गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययनमा सङ्कलित सामग्रीको अर्थापनका निम्ति मूलतः विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ।

## देशभक्तिको अवधारणा र विश्लेषणको ढाँचा

आफ्नो देशप्रतिको बफादारी, समर्पण तथा प्रेम नै देशभक्ति हो। 'देशभक्ति' लाई बुझाउने शब्दहरू देशप्रेम, राष्ट्रप्रेम, राष्ट्रभक्ति, स्वदेशप्रेम आदि हुन्। देश भनेको कुनै पनि नागरिक बसोबास गर्ने राज्य, राष्ट्र वा मुलुक हो। देशको उन्नतिप्रगतिका निम्ति गरिने कार्य तथा स्वदेशमा रहेका रीतिरिवाज, नीतिनियम आदिप्रतिका सद्भावनालाई देशभक्ति भनिन्छ (पोखरेल र अन्य, २०७५, पृ. ६२५)। देशभक्तिको भावनामा देशका नीतिनियमप्रतिको निष्ठा र देशहितको कार्यमा समर्पण र सद्भाव रहन्छ भन्ने आशय यस मतमा पाइन्छ।

अङ्ग्रेजीमा देशप्रेम वा देशभक्तिलाई बुझाउने शब्द 'प्याट्रिअटिज्म' हो। यो नाम शब्द हो। विशेषणका रूपमा यसलाई 'प्याट्रिअटिक' शब्दले बुझाइन्छ। पाश्चात्य साहित्यमा देशभक्तिका बारेमा निकै गहिरो चिन्तन पाइन्छ। 'प्याट्रिअटिज्म' भन्ने शब्द ग्रिक र ल्याटिन भाषाबाट लिइएको हो। त्यहाँ यस शब्दको अर्थ 'फादर' अर्थात् 'जनक' भन्ने हुन्थ्यो। त्यो शब्द 'प्याट्रिस' बाट बनेको हो। प्राचीन ग्रिसमा यसको अर्थ पितृभूमि वा गृहभूमि पनि हुन्थ्यो। 'प्याट्रिअटिज्म' ले पितृभूमिप्रतिको महिमागान, प्रेम तथा देशको परम्परा, रीतिरिवाजप्रति

गरिने आस्थापूर्ण व्यवहारलाई बुझ्भाउँथ्यो। यसले भूमिप्रतिको आत्मीयता, जनहितप्रतिको समर्पण तथा देशप्रतिको परिचयात्मक आबद्धतालाई बुझाएको पाइन्छ (द वर्ल्ड बुक इन्साइक्लोपेडिया, भोल्युम नं. ९, सन् १९९६, पृ. २८८)। यस मतले 'प्याट्रिअटिज्म' लाई पितृभूमिप्रतिको प्रेम, देश समाज र संस्कृतिप्रतिको समर्पण र आबद्धताकै रूपमा देशभक्तिलाई चिनाएको छ। वर्ल्ड बुक इन्साइक्लोपेडिया भोल्युम ९ ले 'प्याट्रिअटिज्म' अर्थात् देशभक्तिलाई स्पष्ट पार्ने क्रममा 'न्यास्नलिज्म' वा राष्ट्रवादसँग तुलना गरेको छ।

'न्यास्नलिज्म' वा राष्ट्रवाद भन्नाले यस्तो राजनीतिक सिद्धान्तलाई बुझाउँछ जसले राष्ट्रका एउटै भाषा र सांस्कृतिक समूहका जनताहरूको आबद्धता हुन्छ। राष्ट्रवादीहरू हरेक राष्ट्रको छुट्टै स्वतन्त्र सरकार र हस्तक्षेपरहित शासन पद्धति हुन्छ भन्ने मत राख्छन्। 'प्याट्रिअटिज्म' वा देशभक्ति भनेको व्यक्तिको देशप्रतिको प्रेम वा अनुभूति हो भने 'नास्नलिज्म' वा राष्ट्रवाद भनेको जनताहरूको छुट्टै विशिष्ट समूहको आबद्धता भएकाले यो व्यक्तिको अनुराग होइन (वर्ल्ड बुक इन्साइक्लोपेडिया, भोल्युम ९, सन् १९९६, पृ. २८८)। जुनसुकै युग वा जुनसुकै मुलुकमा पनि मानिसहरूका हृदयमा देशभक्तिले स्थान जमाएको हुन्छ। जुनसुकै देशको साहित्यमा पनि राष्ट्रप्रेमको शास्वत भावना पाइन्छ। राष्ट्ररक्षाका लागि देशवासीले देखाउने वलिदानी भावना, देशप्रतिको बफादारी, त्याग एवम् तत्परता साहित्यिक रचनामा निकै पाइन्छ। विशेष गरी युद्धको समयमा देशभक्तिपूर्ण गीत र सन्देशले राष्ट्रप्रति जनताको एकता र समर्थन जुटाउन मद्दत पुऱ्याएको हुन्छ। विद्यालयहरूले पनि देशको साझा भावना, आकाङ्क्षा, परम्पराप्रति गौरव गर्दै देशभक्तिको भावना उकास्न सिकाएका हुन्छन्। राष्ट्रिय निकायहरूले राष्ट्रका प्रतीक, देशका विभूतिहरूको गौरवगाथाको संरक्षण, स्मारक र चिह्नहरूको व्यवस्था र विकासमा धेरै महत्त्वपूर्ण योगदान पुऱ्याएका हुन्छन् (द वर्ल्ड बुक इन्साइक्लोपेडिया, सन् १९९५, पृ. २१७)। राष्ट्रिय निकाय, विद्यालय र साहित्यले देशभक्तिको भावना सुदृढ गराउन निकै ठुलो भूमिका खेल्न सक्ने आशय माथिको मतमा पाइन्छ।

साहित्यमा प्रस्तुत हुने देशभक्तिले नयाँ पुस्तालाई आफ्ना पूर्वजहरूले देश निर्माणमा गरेको त्याग र समर्पणको बोध गराउँछ। आफ्नो देशको भौतिक सौन्दर्य, आफ्नो संस्कृति देशका नीतिनियम र परम्पराप्रति पनि प्रेम र आस्थाको भाव जगाउने भएकाले राष्ट्रको उन्नयनमा साहित्यमा अभिव्यक्त देशभक्तिले सकारात्मक भूमिका खेलेको देखिन्छ। नेपाली साहित्यमा पनि देशभक्तिका रचना प्रशस्त पाइन्छन्। आधुनिक नेपाली गीतको स्वच्छन्दतावादी धारा र प्रगतिवादी धारामा विशेष गरी २००० देखि २०२० सम्म देशभक्तिका सुन्दर गीतहरू रचिएका छन्। यस अध्ययनमा आधुनिक गीतका सूचक बनाएर गीत र गीतिस्रष्टाको चयन गरिएको छ। ऐतिहासिक घटना र वीर पूर्वजप्रति गर्वको अनुभव, देशको राष्ट्रिय सम्पदाप्रति आकर्षण र प्राकृतिक परिवेशप्रतिको मोह जस्ता तीन सूचकहरू निर्माण गरी देशभक्तिका आधुनिक नेपाली गीतको छनोट गरिएको हो। गीतको कथ्य नै दुई प्रकारको हुन्छ। वैयक्तिक पर्याधारमा आधारित गीति कथ्यमा प्रेम, वात्सल्य जस्ता आत्मकेन्द्रित अनुभूति रहन्छन् भने सामाजिक पर्याधारभित्र सामाजिक यथार्थका कुनै पनि सम्बन्ध मानवीय सम्बन्ध, देशप्रेम आदि रहन्छन् (शर्मा, २०५५, पृ. १८४)। प्रस्तुत अध्ययनमा विवेच्य विषयका रूपमा रहेको देशभक्तिलाई सामाजिक पर्याधारमा समेटिएको छ। विवेच्य विषय शिल्पविधानसँग सम्बन्धित भएकाले गीत सिद्धान्तले स्थापित गरेका शिल्पतत्त्वहरू भाषा, शैली, लय, बिम्बालङ्कार आदिमध्ये गीतिशिल्पको विश्लेषणका निम्ति प्रस्तुत अध्ययनमा अप्रस्तुतविधान, लयविधान र भाषाप्रयोग समेत तीन शीर्षकको विश्लेषणको ढाँचा निर्धारण गरिएको छ। यी तीन शिल्पगत ढाँचाको सङ्क्षिप्त व्याख्या निम्नानुसार गरिएको छ :

(क) **अप्रस्तुतविधान**

अप्रस्तुतविधान भन्नाले रचनाको अर्थविस्तार गरी सौन्दर्य बढाउने अलङ्कारविधानको बोध हुन्छ। गीतलाई पनि सुन्दर र विशिष्ट बनाउन गीतकारले आलङ्कारिक उपकरणको प्रयोग गरेको पाइन्छ। यही अप्रस्तुतविधानलाई सादृश्यविधान पनि भनिन्छ। प्रतीक, बिम्ब, मानवीकरण, उपमा, रूपक आदिको प्रयोग गरी गीतको सामान्य भाषालाई विशिष्ट भाषामा रूपान्तरण गर्ने शिल्पतात्त्विक तथा आलङ्कारिक काव्योपकरणलाई अप्रस्तुतविधान भनिन्छ। यसैलाई समालोचकहरूले सादृश्यविधान भनेर पनि चिनाएका छन् । रचनाको अभिधार्थलाई निलम्बन गरी विशिष्ट अर्थ सिर्जना गर्न प्रयोग गरिने प्रतीक, बिम्ब, मानवीकरण, उपमा, रूपक जस्ता शिल्पगत उपकरणलाई समग्रमा अप्रस्तुतविधान भनिन्छ (शर्मा, २०५५, पृ. १३७० । पद्यरचनालाई सूक्ष्मता दिने तत्त्वहरू उपमा, रूपक, बिम्ब, प्रतीक आदि हुन् । कथनलाई आलङ्कारिक बनाउने अप्रस्तुतविधानमा प्रस्तुत र अप्रस्तुत दुई तत्त्व हुन्छन् । प्रस्तुत मुख्य हुन्छ भने अप्रस्तुत अमुख्य मानिन्छ। प्रस्तुतकै व्याख्या वा अर्थविस्तारका लागि अप्रस्तुतविधान प्रयोग गरिन्छ (गौतम, २०५०, पृ. ३०७) । रचनामा प्रयुक्त अप्रस्तुतविधानले प्रस्तुत कथ्यलाई आस्वाद्य, व्यञ्जक र सुन्दर बनाउँछ भन्ने आशय यस मतमा प्रस्तुत गरिएको छ। देशभक्तिका आधुनिक नेपाली गीतको कथ्यलाई सुस्वाद्य बनाउन विवेच्य गीतिरचनामा प्रयुक्त अप्रस्तुतविधानले कसरी उपकरणका रूपमा कार्य गरेको छ भन्ने दृष्टिले यस अध्ययनमा विश्लेषण गरिएको छ ।

(ख) **लयविधान**

लय भन्नाले गीत वा कविताको गायनमा हुने स्वरको उतारचढाव वा आरोहअवरोह हो । लयले समय र गतिलाई पनि बुझाउँछ। बराबर समय लगाएर गाउन सकिने पङ्क्ति, शब्द तथा वर्णहरूको उचित संयोजनले लय सिर्जना हुन्छ। गीतलाई गेय बनाउने प्रधान तत्त्व नै लय हो । लय शब्द वा ध्वनिप्रवाहको ढाँचा पनि हो । ध्वनिको उच्चारण गर्दा पैदा हुने साङ्गीतिक आरोहअवराह नै लय हो (लुइटेल, २०६७, पृ. १७) । लयगत रमणीयताका निम्ति विशिष्ट भाषिक विन्यास आवश्यक पर्छ भन्ने विचार माथिको भनाइले प्रस्तुत गरेको छ। गीतमा प्रकट हुने सघन लयले नै यसलाई अन्य विधाबाट मौलिक स्वरूपको रचना बनाएको छ। गीतको लयविधान निश्चित छन्दमा हुन्छ। छन्दबिना आक्षरिक लयमा पनि गीत प्रस्तुत हुन्छ। कुनै गीतकारले लोकलय वा झ्याउरे लयमा पनि गीत रचेको पाइन्छ भने कोही हिन्दी फिल्मी गीतका लयढाँचालाई अनुसरण गरेर पनि गीतरचना गर्दछन् । यस अध्ययनमा देशभक्तिका गीतको शिल्पप्रविधि मूल्याङ्कन गर्दा लयविधानलाई पनि विश्लेषणको आधार बनाइएको छ।

(ग) **भाषाप्रयोग**

भाषा विषयवस्तुलाई बहन गर्ने मूल माध्यम हो। अभिव्यक्तिको प्रभावशाली माध्यमका रूपमा भाषालाई लिइने भएकाले गीतकारले उपयुक्त भाषिक उपकरणको प्रयोग र परिचालन गरी गीतिभाषालाई विशिष्ट बनाएको हुन्छ। गीतलाई भाषिक कलाका रूपमा लिइन्छ। गीतमा भाषिक विचलन गरी सौन्दर्य सिर्जना गरिन्छ (बराल, २०७०, पृ. ११५) । गीतकारले पदक्रम, लिङ्ग, वचन, विशेषण विशेष्य आदि भाषिक रूपमा अतिक्रमण गरी गीतिभाषालाई साहित्यिक र सुन्दर पारेको हुन्छ। गीतमा प्रयुक्त भाषा साहित्यका अन्य विधाहरूभन्दा ललित र सुकोमल हुनु आवश्यक ठानिन्छ। गीतकारले सौन्दर्यसिर्जनाका निम्ति भाषालाई कसरी विचलनयुक्त, व्यञ्जनात्मक, आलङ्कारिक, ध्वन्यात्मक र गेयात्मक बनाउन खोजेको छ भन्ने दृष्टिले भाषाको

Received : October 2020  Accepted : December 2020

विश्लेषण गरिन्छ। गीतको भाषामा प्रयुक्त शब्द, शब्दावली, पङ्क्ति आदि सबैको संयोजनले मात्र गीतको कलात्मक वैशिष्ट्य उच्च हुने भएकाले प्रस्तुत अध्ययनमा भाषाप्रयोगका कोणबाट देशभक्तिका गीतहरूको स्तरको विश्लेषण गरिएको छ।

**देशभक्तिका आधुनिक नेपाली गीतको शिल्पपद्धति**

देशभक्तिका गीतको सौन्दर्यमापन गर्ने कडी भनेकै गीतको रूपतात्त्विक प्रविधि हो। गीतिभाषामा प्रकट भएको व्यञ्जना, लयमाधुर्य र पदविन्यासको शैली तथा प्रयोगको अवलोकनका निम्ति अप्रस्तुतविधान, लयविधान र भाषाप्रयोग जस्ता शीर्षक राखी विश्लेषणको ढाँचा बनाइएको छ। २००० देखि २०२० सम्मका स्वच्छन्दतावादी परिष्कारवादी गीतिधाराका माधव घिमिरे र उनको 'किन्नरकिन्नरी' गीतसङ्ग्रह, स्वच्छन्दतावादी गीतिधाराकै लक्ष्मण लोहनी तथा उनको 'हिमालको शान' गीतसङ्ग्रह, स्वच्छन्दतावादी गीतिधाराकी छिन्नलता एवम् उनको 'अन्तर्भावना' गीतसङ्ग्रह र स्वच्छन्दतावादी गीतिधाराकै किरण खरेल तथा उनको 'के हो तिम्रो नाउँ ?' गीतसङ्ग्रह अनि प्रगतिवादी गीतिधाराका मोदनाथ प्रश्रितको 'जब चल्छ हुरी' गीतसङ्ग्रहका देशभक्तिका गीतहरूबाट शिल्पविधानका तथ्याङ्क सङ्कलन गरी निम्नानुसार विश्लेषण गरिएको छ :

**देशभक्तिका आधुनिक नेपाली गीतमा अप्रस्तुतविधान**

माधव घिमिरेका देशभक्तिका गीतमा सरल र पारदर्शक लघु बिम्ब, मानवीकरणको प्रयोग, रूपक तथा उपमा जस्ता काव्यालङ्कारको प्रयोग जस्ता अप्रस्तुतविधानबाट देशभक्तिको सन्देश सुस्वाद्य बनाइएको छ। ' किन्नरकिन्नरी' मा सङ्गृहीत 'परन्तु एउटै मूर्तिमा विराट्' शीर्षकको गीतमा नेपाललाई मानवीकरण गरी 'आमा' को स्थानमा राखिएको छ। नेपालीलाई सन्तान र नेपाललाई बराबरी माया दिने 'आमा' ठानेर देशभक्तिको भाव यसरी अभिव्यञ्जित गरिएको छ :

नेपाल आमा ! कहीँ छौ घाम, कहीँ छौ छाया हे

परन्तु सारा सन्तानमाथि एउटै माया हे

('किन्नरकिन्नरी', पृ. ३)

रेखाङ्कित गीतिसाक्ष्यमा 'घाम' र 'छाया' दृश्य बिम्बका रूपमा प्रयोग भएका छन्। उपमानवत् र उपमेयवत् रूपमा प्रयुक्त भएका बिम्बहरू लघु बिम्ब हुन्। घाम र छाया लघु बिम्ब मानिन्छन्। यी दुवै दृश्य बिम्बकथ्यगत संश्लिष्टता वा जटिलता नदेखाउने स्वतः स्र्फूत रूपमा प्रकट हुने पारदर्शक बिम्ब पनि हुन्। यिनले सुख र दुःख दुवैलाई ध्वनित गरेका छन्। 'घाम' ले दुःख, विकटता र दुर्गम भेकलाई र 'छाया' ले सुख, सुविधा र सुगम भेकलाई व्यञ्जित गर्दै देशभक्तिको कथ्यलाई विस्तार गरेका छन्। हिमाललाई 'सुनको गजुर' र 'चाँदीको धुरी' भनेर रूपक अलङ्कारका रूपमा प्रयोग गरिएको छ। 'किन्नरकिन्नरी' गीतसङ्ग्रहमा देशभक्तिको भाव सुन्दर बनाउन उपमा अलङ्कारको प्रयोग पनि गरिएको छ। शत्रुप्रति आक्रामक भएर राष्ट्रको रक्षार्थ जाइलाग्ने नेपाली वीर पूवर्जलाई सिकार खेल्ने सिकारी जस्तै ठानेर उपमा अलङ्कारको प्रयोग यसरी गरिएको छ :

नेपाली सारा निस्किए छहराजस्तै उर्लेर

अहिरा खेल्दै दगुर्ने अहेरीजस्तै कुर्लेर

('किन्नरकिन्नरी', पृ. १९)

वैरीहरूसँग लड्ने वीर पुर्खाको एकताबद्ध शीघ्र आक्रमणलाई छहराको उर्लाइसँग तुलना गरी यस गीतांशमा उपमा अलङ्कारको सुन्दर प्रयोग गरिएको छ। माधव घिमिरेका देशभक्तिका गीतमा प्रयुक्त अप्रस्तुतविधान सरस, सरल र पारदर्शक रहेको छ। गीतकार लक्ष्मण लोहनीको 'हिमालको शान' गीतसङ्ग्रहमा प्रयुक्त अप्रस्तुतविधानमा पनि देशभक्तिका गीतलाई आस्वाद्य बनाउने काव्योपकरणका रूपमा मानवीकरण, बिम्बविधान, पूर्वीय अर्थालङ्कारका उपमा, रूपक आदिको प्रयोग पाइन्छ।

गीतकार लक्ष्मण लोहनीले 'धर्तीको छाती' जस्तो पदावलीको प्रयोग गरी प्रकृतिको मानवीकरण यसरी गरेका छन् :

धर्तीको छाती ज्योतिले पोती म भेट्न आउँला

सगरका तारा आँगनमा झारी दोहोरी खेलौँला

('हिमालको शान', पृ. ११)

'धर्ती' प्रकृति हो। धर्तीलाई मानवीकरण गरी 'छाती' को रूप दिइएको छ। देशभक्तले 'आमाको छाती' का रूपमा अभिव्यञ्जित गरेको अर्थलाई मानवीकरणका कारण सिर्जित सौन्दर्यले सुस्वाद्य बनाएको छ। 'हिमालको शान' गीतिसङ्ग्रहको पृ. ११ मा 'विश्वको अग्लो चाँदीको चुच्चो सुनको बनाउँला' भन्ने गीतिपङ्क्तिमा पनि 'चाँदीको चुच्चो' दृश्य बिम्ब हो। सुन्दर देश नेपाललाई प्रकृतिले सिँगारेको चाँदीको चुच्चोका रूपमा तुलना गर्दै यसलाई अझ सुन्दर पार्न सुनको बनाउँला भन्ने अर्थको अभिव्यञ्जना प्रस्तुत गरिएको छ। चाँदीको चुच्चो अर्थालङ्कारका दृष्टिले हेर्दा रूपक अलङ्कार पनि हो 'फर्क हे फर्क नेपाली तिमीलाई डाक्छ हिमाल' ('हिमालको शान' पृ. १४) भन्ने गीतिपङ्क्तिमा हिमाललाई मानवीकरण गरिएको छ।

गीतकार छिन्नलताको 'अन्तर्भावना' भन्ने गीतसङ्ग्रहमा पनि अप्रस्तुतविधानबाट सिर्जित सौन्दर्यले देशभक्तिका गीतको सन्देश उत्कृष्ट बनेको छ। 'अँध्यारो मेरो हृदय बन्यो उदाई दिनदिन, कालो र मैलो हटाइदिनोस् हे मेरा भगवान् !' जस्ता गीतिपङ्क्तिमा 'अँध्यारो हृदय', 'कालो मैलो' जस्ता दृश्य बिम्बहरू प्रयोग भएका छन्। अज्ञानता, निराशा, लोभ जस्ता हृदयका विकारले कुण्ठित मनलाई यस अँध्यारो हृदय भनी गीतिपङ्क्तिमा सुन्दर भाव अभिव्यञ्जित गरिएको छ। त्यसै गरी 'कालो र मैलो' ले मनका ईर्ष्या, घृणा र पापलाई व्यञ्जित गरेको छ। यी दुवै दृश्य बिम्बहरू अर्थालङ्कारका दृष्टिले रूपक पनि हुन्। रूपक तथा बिम्बविधानका कारण छिन्नलताका गीतमा देशभक्तिको भाव विशिष्ट र व्यञ्जनात्मक बनेको छ। नेपाल राष्ट्रलाई मानवीकरण गर्दै गीतिभावलाई सुन्दर साहित्यिक बनाइएको तथ्य निम्न गीतांशबाट पनि स्पष्ट हुन्छ :

हे जन्मभूमि जननी, संसारकी सिरानी

पाएर स्नेह तिम्रै छौँ हामी भाग्यमानी

('अन्तर्भावना', पृ. ७)

माथिको साक्ष्यमा प्रस्तुत 'जननी', 'संसारकी सिरानी' भन्दै नेपाललाई मानवीकरण र बिम्बीकरण गरिएको छ। उनको अन्तर्भावना गीतसङ्ग्रहमा (पृ. ९) 'हिमालको काखमाथि हुर्किएका हामी' भन्ने गीतिपङ्क्तिअन्तर्गत

प्रकट भएको 'हिमालको काख' पनि मानवीकरणको सुन्दर नमुना हो । यसरी रूपक, मानवीकरण, बिम्बविधान जस्ता काव्यशिल्पमार्फत छिन्नलताका गीतमा प्रस्तुत देशभक्तिले विशिष्ट स्वरूप प्राप्त गरेको छ। 'छ हाम्रो पहाडी खोला बगेजस्तै मिठो बोली' ('अन्तर्भावना', पृ. ५१) भन्ने गीतिपङ्क्तिमा 'पहाडी खोला बगेजस्तो' पदावलीले उपमा अलङ्कार प्रयोग भएको देखाउँछ। अलङ्कारका कारण छिन्नलताका देशभक्तिका गीतहरू सरस र सुस्वाद्य बनेका छन् ।

गीतकार किरण खरेलको 'के हो तिम्रो नाउँ ?' गीतसङ्ग्रहमा सङ्कलित देशभक्तिका गीतहरूमा पनि प्रकृतिको मानवीकरण गरिएको, बिम्बविधानको आलङ्कारिक उपकरणको प्रयोग भएको र पूर्वीय अर्थालङ्कारका उपमा तथा रूपकको समेत संयोजन भई अभिव्यक्ति व्यञ्जनापूर्ण बनेको पाइन्छ । मानवीकरणको प्रयोग भएको सुन्दर उदाहरणका रूपमा निम्न गीतिसाक्ष्यलाई लिन सकिन्छ :

हिमालको काखमा छ सानो मेरो गाउँ

पर्वतकी छोरी हुँ म पार्वती हो नाउँ

('के हो तिम्रो नाउँ ?', पृ. ८)

प्रस्तुत गीतांशमा 'पर्वतको काख' सन्तानका आमाका रूपमा मानवीकरण भएको छ। निर्जीव पर्वतलाई आमा मानेर पार्वतीले आफू छोरी भएको देशभक्तिपूर्ण अभिव्यञ्जना प्रस्तुत गरिएको छ। त्यस्तै अर्को गीतिपङ्क्तिमा 'रात पनि निदाउँछ मेरो नयनमा' भनेर मानवको प्रकृतीकरण पनि गरिएको छ। त्यस्तै प्रभातमा टल्किएको 'मोतीजस्तो शीत' (पृ. ८) भन्ने गीतिसाक्ष्यमा 'मोतीजस्तो शीत' दृश्य बिम्ब पनि हो र उपमा अलङ्कारका रूपमा परिभाषित हुने अर्थालङ्कार पनि हो। किरण खरेलका देशभक्तिका गीतमा अप्रस्तुतविधानका साधनका रूपमा प्रयुक्त बिम्ब र अर्थालङ्कारहरू सहज र स्वतःस्फूर्त ढङ्गले गीतिभावका बाहक बनेर प्रकट भएका छन् ।

मोदनाथ प्रश्रितका राष्ट्रचेतको भाव बोक्ने प्रगतिवादी गीतमा पनि बिम्बविधान, मानवीकरण, अर्थालङ्कारहरूको प्रयोग भएको पाइन्छ। प्रतीकात्मक बिम्ब प्रयोग भएको तलको गीतिसाक्ष्यबाट उनका गीतहरूमा बिम्बको प्रयोग भएको पुष्टि हुन्छ :

पूर्वमा रातो लालिमा छाउँदै छ

धुरुमा धुरु नरोऊ साइँला, तिम्रो दिन आउँदै छ

('जब चल्छ हुरी', पृ. ७)

प्रस्तुत साक्ष्यमा 'रातो लालिमा' प्रतीकात्मक बिम्ब हो। यसले श्रमजीवी र शोषित जनतालाई समयले न्याय, मुक्ति र सुख ल्याउँदै गरेको भाव अभिव्यञ्जित गरेको छ। 'नेपालका आँसु पुछिए' (पृ. २०) भन्ने गीतिपङ्क्तिमा नेपाललाई मानवीकरण गरिएको छ भने 'रगतको तेल हालेर, मुटुको दियो बालेर' भन्ने गीतिपङ्क्तिमा 'रगतको तेल' ले दृश्य बिम्बको कार्य गरेको छ। देशभक्तले गरेको वलिदानीलाई अर्थ विस्तार गर्ने सन्दर्भमा मुक्ति, सङ्घर्ष र न्यायको परिवेशलाई ध्वनित गर्दै यो बिम्ब प्रयोग भएको छ।

गीतकार मोदनाथ प्रश्रितका प्रगतिवादी गीतहरूमा प्रयुक्त अप्रस्तुतविधानले क्रान्तिचेतनाको

देशभक्तिपूर्ण भावलाई कलात्मक र रसात्मक स्वरूपमा परिणत गरेको छ। उनका देशभक्तिका गीतमा प्रयुक्त ' फाँसीको माला', 'मृत्युको बाटो', 'दिउँसै हुने अँध्यारो' जस्ता क्रान्तिचेत उजागर गर्ने दृश्य बिम्बहरूले पनि गीतिभावलाई सरस र संप्रेष्य बनाएका छन्।

आधुनिक नेपाली गीतमा प्रयुक्त देशभक्तिलाई मूलतः प्रकृति जगत्बाट लिइएका दृश्य बिम्बहरूले पारदर्शक, रागात्मक र संवेद्य बनाएका छन्। दृश्य बिम्बका तुलनामा श्रव्य, रस्य तथा स्पृशय बिम्बहरू नगण्य रूपमा मात्र प्रयोग गरिएका छन्। प्रकृतिलाई मानवीकरण गर्ने र मानवलाई प्रकृतीकरण गर्ने मौलिक आलङ्कारिक शिल्प पनि देशभक्तिका गीतमा देखिएको छ। अर्थालङ्कारका उपकरण मानिएका उपमा, रूपक जस्ता शिल्पहरूको सरल प्रयोगले देशभक्तिका गीत आस्वाद्य बनेका छन्।

**देशभक्तिका आधुनिक नेपाली गीतमा लयविधान**

लयविधानका आधारमा देशभक्तिका आधुनिक नेपाली गीतको विश्लेषण गर्दा अधिकांश गीतहरूमा लोकलयकै प्रयोग गरिएको पाइन्छ। माधव घिमिरेको 'किन्नरकिन्नरी' गीतसङ्ग्रहको (पृ. ३) 'परन्तु एउटै मूर्तिमा विराट्' गीतमा 'नेपाल आमा कहीँ छौ घाम कहीँ छौ छाया हे' जस्ता पङ्क्तिभित्रको लयविधान ३+२, ३+२, ३+३ = १६ अक्षरमा आधारित छ। 'मुनामदन' गीतिखण्डकाव्यको जस्तो झ्याउरे लयमा रचिएका यस्ता गीतहरू अन्य गीतकारमा पनि देखिन्छन्। 'हिमालको शान' सङ्ग्रहमा लक्ष्मण लोहनीले पनि 'अनेक धर्म जातिले एउटै लक्ष्य बोकेर' जस्ता पङ्क्तिमा १६ अक्षरकै लोकलय प्रयोग गरेका छन् भने छिन्नलताले 'अन्तर्भावना' गीतसङ्ग्रह (पृ. ८) मा 'नेपाली जाति हजुरजस्तै विश्वमा चम्कियोस्' जस्तो १६ अक्षरकै लोकलय प्रयोग गरेकी छिन्। किरण खरेलको 'के हो तिम्रो नाउँ ?' (पृ. १७) मा पनि 'नेपालमाथि अन्याय भए हिमाल मर्नेछ' भन्ने गीतिपङ्क्तिभित्र १६ अक्षरकै झ्याउरे लोकलयको प्रयोग गरिएको छ। मोदनाथ प्रश्रितको 'जब चल्छ हुरी' गीतसङ्ग्रह (पृ. २०) मा 'संसारमा मलाई सबभन्दा माया लाग्दछ आमाको' जस्ता पङ्क्तिमा १६ अक्षरकै झ्याउरे लयको प्रयोग भएको छ।

देशभक्तिका आधुनिक नेपाली गीतमा शब्दालङ्कारका रूपमा प्रयोग हुने अनुप्रास अलङ्कारको पनि प्रयोग भएको छ। अनुप्रासका रूपमा आद्यानुप्रास, मध्यानुप्रास, अन्तरानुप्रास र अन्त्यानुप्रासको समेत प्रयोग गरी देशभक्तिका गीतको लय सुन्दर बनाइएको देखिन्छ। माधव घिमिरेको 'किन्नकिन्नरी' गीतसङ्ग्रह (पृ. ३) मा 'नेपाल आमा कहीँ छौ घाम कहीँ छौ छाया हे, परन्तु सारा सन्तानमाथि एउटै माया हे' भन्ने दुई पङ्क्तिभित्र 'आमा-घाम' जस्ता अन्तरानुप्रास र 'छाया-माया' जस्ता अन्त्यानुप्रासको प्रयोग गरिएको छ। 'किन्नरकिन्नरी' (पृ. ५) गीतसङ्ग्रहमै 'बाँचौंला हामी हिमालमा ज्योतिको पङ्ख उचाली' जस्ता गीतिपङ्क्तिभित्र 'बाँचौंला-नाचौंला' आद्यानुप्रासको नमुना हो भने 'नेपालमा-हिमालमा' मध्यानुप्रासको उदाहरण हो। अनुप्रासको शिल्प प्रयोग गरी देशभिक्तका गीतलाई सुश्रव्य बनाउने काम अरू गीतकारले पनि गरेका छन्। लक्ष्मण लोहनीको ' हिमालको शान' गीतसङ्ग्रह (पृ. १४) मा 'फर्केर हेर आजको देशको नौलो मुहार, पहाड, खोला, जङ्गल माग्दछ तिम्रै गुहार' जस्ता पङ्क्तिहरूमा पनि 'मुहार-गुहार' भन्ने पदावलीमा अन्त्यानुप्रासको सुन्दर प्रयोग गरिएको छ। 'विश्वका तिमी हौ प्राणदाता मानव रगतमा, प्राणको शक्ति बढाइदिने चेतना जगत्मा' 'अन्तर्भावना' (पृ. ५) गीतसङ्ग्रहमा गीतकार छिन्दलताले प्रयोग गरेको अन्त्यानुप्रासको यो नमुना पनि सुन्दर देखिन्छ। किरण खरेलको 'के हो तिम्रो नाउँ ?' गीतसङ्ग्रह (पृ. ८१) मा पनि मध्यानुप्रास र अन्त्यानुप्रास देखिने पङ्क्तिहरूको प्रयोग गरिएको छ। 'रक्तको थोपा छरेर सुनको फूल फुलाउँछौँ पत्थरलाई चिरेर सुधाको मूल फुटाउँछौँ' भन्ने

*Received : October 2020*  *Accepted : December 2020*

पङक्तिहरूमा 'छरेर-चिरेर', 'फूल-मूल' जस्ता पदालीमा मध्यानुप्रास र 'फुलाउँछौं-फुटाउँछौं' जस्ता पदावलीमा अन्त्यानुप्रासको प्रयोग भएको देखिन्छ। गीतकार मोदनाथ प्रश्रितको 'जब चल्छ हुरी' गीतसङ्ग्रह (पृ. ४८) मा 'रगतको तेल हालेर, मुटुको दियो बालेर, म मर्न पाऊँ देशको थोरै अँध्यारो फालेर' भन्ने पङ्क्तिहरूमा अन्तरानुप्रासका रूपमा 'हालेर-बालेर' जस्ता गीतिपद प्रयोग भएका छन् भने 'बालेर-फालेर' जस्ता शब्दहरू अन्त्यानुप्रसाका रूपमा प्रयुक्त छन्।

देशभक्तिका आधुनिक नेपाली गीतमा अनुप्रासका कारणले मात्र होइन उच्चार्य श्रव्य दृष्टिले कोमल वर्णको प्रयोग भएका गीतिपदावली, सम्बोधनात्मक प्रस्तुति, शब्दहरूको पुनरावृत्ति सरल र सरस शब्दशब्दावलीहरूले पनि गीतिलय सुमधुर बनेको छ। देशभक्तिका गीतको सन्देशलाई संप्रेष्य, सुस्वाद्य र ग्राह्य बनाउन यी गेय पदपदावलीहरूको भूमिका प्रभावकारी रहेको छ।

**देशभक्तिका आधुनिक नेपाली गीतमा भाषाप्रयोग**

गीत भाषिक कला हो। देशभक्तिको सुन्दर भावलाई वहन गर्ने सशक्त साधन गीतिभाषालाई विवेच्य गीतहरूमा कसरी परिचालन गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासासहित यहाँ भाषाप्रयोगको विश्लेषण गरिएको छ। माधव घिमिरेका गीतहरूमा प्रयुक्त पदपदावलीमा व्यञ्जन तथा स्वरवर्गको अनुप्रासीय वितरण, समान वर्णहरूको पुनरावृत्ति जस्ता प्रयोगले गीतको लयगत श्रुतिसुखदता र लालित्य उच्च स्तरमा रहेको देखिन्छ। 'किन्नरकिन्नरी' गीतसङ्ग्रहको पृ. ३ मा 'हजार शिर, हजार हात, हजार पाउ हे, परन्तु यौटै मूर्तिमा विराट् नेपाली नाउँ हे' भन्ने दुई गीतिपङ्क्तिमा 'हजार' शब्दको पुनरावृत्ति 'ह' वर्ण भएका शब्दहरूको पुनरावृत्ति र 'हे' जस्ता नेपालीय विन्यासले गीतिभाषा सुन्दर बनेको छ। यस्तो प्रयोग लक्ष्मण लोहनी, छिन्नलता, किरण खरेल र मोदनाथ प्रश्रितका गीतमा पनि पाइन्छ। लक्ष्मण लोहनीको 'हिमालको शान' भन्ने गीतसङ्ग्रहमा ' जय होस् जननी जन्मभूमिको हाँसून् धर्ती माता' (पृ. १९) र 'फर्क हे फर्क नेपाली तिमीलाई डाक्छ, हिमाल' (पृ. १४) भन्ने पङ्क्तिहरूमा मातृभूमिको जयगान 'हे' जस्ता निपातको प्रयोग र 'फर्क-फर्क' जस्ता शब्दको पुनरावृत्तिले सुन्दर लय सृष्टि भई गीतिभाषा साङ्गीतिक बनेको छ। छिन्नलताको 'अन्तर्भावना' गीतसङ्ग्रह (पृ. ७) मा पनि 'हे जन्मभूमि जननी संसारकी सिरानी' भन्दै जन्मभूमिप्रति सम्बोधनात्मक अभिव्यक्ति प्रकट गर्ने क्रममा 'हे' जस्तो निपातको संयोजन 'जन्मभूमि-जननी', 'संसारकी सिरानी' जस्ता 'ज-ज', 'स-स' वर्णनको पुनरावृत्ति भएका शब्दावलीको प्रयोग गरिएको छ। 'के हो तिम्रो नाउँ ?' गीतिसङ्ग्रहमा किरण खरेलले 'यै हो मेरो देश दाजु, यै हो मेरो देश नेपाल' भन्ने पङ्क्तिमा 'यै हो मेरो देश' पदावलीलाई पुनरावृत्ति गराई गीतिभाषाको मौलिक प्रयोग गरेका छन्। मोदनाथ प्रश्रितको 'जब चल्छ हुरी' गीतसङ्ग्रहमा पनि भाषाशैलीय विन्यासमा यस्तो विशेषता देखिन्छ। 'नरोऊ बैनी हात र खुट्टा बाँधेको देखेर, छेकिन्न हाम्रो भोलिको बाटो कसैले छेकेर' जस्ता पङ्क्तिमा गीतकार प्रश्रितले सम्बोधनात्मक प्रस्तुति र अनुप्रासमय शब्दावलीको प्रयोग गरेका छन्।

देशभक्तिका आधुनिक नेपाली गीतका पदपदावलीमा सङ्गीतसर्जक सुश्रव्य र सरल शब्दहरूको प्रयोग भएको देखिन्छ। 'असिना-पसिना', 'धुरुमा धुरु', 'चुलोमा आगो' जस्ता प्रयोग गरी प्रश्रितले गीतिभाषालाई संप्रेष्य बनाएका छन्। देशभक्तिको भावलाई व्यञ्जक, लयात्मक, रागात्मक र सुसंवेद्य बनाउन किरण खरेलका गीतमा पनि 'चरा र चरी', 'छोरा र छोरी', 'सुधाको कुलो-सुनको धुलो' (के हो तिम्रो नाउँ ?, पृ. १७) जस्ता सुश्रव्य र सङ्गीतसर्जक गीतिभाषाको प्रयोग भएको छ। गीतिभाषाको मिठास र माधुर्य वृद्धि गर्न छिन्नलताको 'भन्तर्भावना' गीतसङ्ग्रहमा पनि 'खोल्सा र खोल्सी', 'दरिलो र भरिलो', 'जय होस्

जननी' (पृ. १०) जस्ता सुश्रव्य, सरल र लयोत्पादक गीतिभाषाको प्रयोग गरिएको छ। गीतकार लक्ष्मण लोहनीको 'हिमालको शान' भन्ने गीतिकृतिमा 'हाँसून् धरती माता' जस्तो आलङ्कारिक पदका साथै 'जननी जन्मभूमि', 'कावा मार्नु', 'लड्छौँ-बढ्छौँ' जस्ता लयगत कोमलता र सरलताको सिर्जना हुने पदपदावली प्रयोग भएको देखिन्छ। माधव घिमिरे गीतिभाषालाई खेलाउन सिद्धहस्त देखिन्छन्। एउटै वर्णको पुनरावृत्ति भई गीतिभाषामा श्रुतिसुखदता उत्पन्न हुने 'कोशी-कर्णाली' (क-क), 'गाउँछ-गीत' (ग-ग), 'शक्तिको सामु' (स-स), 'किल्ला-काँगडा' (क-क) जस्ता समध्वनियुक्त प्रयोगले साङ्गीतिक मिठास थपेको छ।

देशभक्तिका आधुनिक नेपाली गीतको भाषामा आलङ्कारिकता र सरलता दुवै विशेषता देखिन्छन्। गीतको भाषामा लयात्मकता, सुकोमलता, सरसता भएकाले देशभक्तिका गीत विशिष्ट र सन्देशमूलक बनेका छन्। गीतको सौन्दर्यवृद्धिका लागि गरिएको विचलनले पनि देशभक्तिका गीतको संप्रेष्य शक्ति र सरलतामा बाधा पुगेको छैन।

**निष्कर्ष**

देशभक्तिका आधुनिक नेपाली गीतको शिल्पविधानको विश्लेषण गर्दा अप्रस्तुतविधान, लयविधान र भाषाप्रयोग जस्ता मूल शीर्षकका आधारमा अभिव्यक्ति पद्धतिको विशिष्टता मापन गरिएको छ। गीतकारका अभिव्यक्तिमा भाषिक एकाइको सौन्दर्यमूलक विन्यास कसरी भएको छ भन्ने प्राज्ञिक प्रश्न लिएर माधव घिमिरे, लक्ष्मण लोहनी, छिन्नलता, किरण खरेल र मोदनाथ प्रश्रितका गीतिरचनाहरूलाई यस अध्ययनमा अवलोकन गरिएको छ। गीतकारहरूले अप्रस्तुतविधानका रूपमा बिम्ब, मानवीकरण, पूर्वीय अर्थालङ्कारका रूपमा बिम्ब, मानवीकरण, पूर्वीय अर्थालङ्कारका रूपक, उपमा जस्ता आलङ्कारिक शिल्पसाधनलाई प्रयोग गरी देशभक्तिका गीतको सौन्दर्य विशिष्ट बनाएको निष्कर्ष प्राप्त भएको छ। स्थायी र अन्तराको कुशल संयोजन अन्य गीतकारमा भन्दा माधव घिमिरेका गीतमा उत्कृष्ट देखिन्छ। यस अध्ययनमा देशभक्तिका आधुनिक नेपाली गीतको विवेच्य अवधि २००० देखि २०२० सम्म रहेकाले त्यस कालावधिका स्वच्छन्दतावादी र प्रगतिवादी गीतिधाराका गीतिरचनामा मूलतः १६ अक्षरको झ्याउरे लय तथा अंशतः १४ र १२ अक्षरको मिश्रित लयढाँचाको प्रयोग भएको देखिन्छ। गीतमा प्रयुक्त आद्यानुप्रास, मध्यानुप्रास, अन्तरानुप्रास र अन्त्यानुप्रासको प्रयोग तथा कोमल पदपदावली, सरल एवम् सरस शब्दप्रयोग र साङ्गीतिक भाषिक विन्यासले देशभक्तिका गीत गेय, ललित र श्रुतिमधुर बनेको निचोड सामान्यीकृत भएको छ। सरल र सुबोध गीतिपदपदावलीको प्रयोग, विचलनयुक्त वा आलङ्कारिक भाषिक रूप र पारदर्शक बिम्बहरूको प्रयोगले देशभक्तिका गीतहरू आस्वाद्य बनेको तथ्य गीतका शैलीशिल्पको विश्लेषणबाट स्पष्ट भएको छ। देशभक्तिका आधुनिक नेपाली गीतमा श्रव्यरमणीयता उत्पन्न हुने शब्दशब्दावलीको प्रयोग, अनुप्रासयुक्त पदहरूको संयोजन, निपात, सम्बोधनात्मक प्रस्तुति झल्कने पदावली, प्रचलित संस्कृत तत्सम शब्दहरू र देशभक्तिको भावलाई सहजै सञ्चार गराउने सरस साङ्गीतिक पदावलीले गीतिभाषाको मिठास उच्च बनाएको निष्कर्ष प्राप्त भएको छ।

(यो अनुसन्धानात्मक लेख विश्वविद्यालय अनुदान आयोगको लघु अनुसन्धान विकास तथा नवप्रवर्तन अनुदान (अवार्ड नं. SRDIG/74-75/H & 5-01) अन्तर्गतको आर्थिक सहयोगमा आधारित छ।)

**सन्दर्भ सामग्रीसूची**


एम्ब्रज, एम.एच. (सन् २०००). अ ग्लोसरी अफ लिटरेरी टर्म्स एन्ड लिटरेरी. दिल्ली : पेङ्गुइन बुक्स ।

खरेल, किरण (२०२०). के हो तिम्रो नाउँ ?. काठमाडौँ : किरण खरेल ।

गौतम, कृष्ण (२०५०), आधुनिक आलोचना : अनेक रूप अनेक पठन. ललितपुर : साझा प्रकाशन ।

घिमिरे, माधव (२०६०). किन्नरकिन्नरी. तृतीय संस्क. ललितपुर : साझा प्रकाशन ।

द वर्ल्ड बुक इनसाइक्लोपेडिया भोल्युम ९ (सन् १९९६). इङ्गल्यान्ड : फिल्ड इन्टरप्राइजेज एजुकेसनल कर्पोरेसन ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०७५). नेपाली बृहत् शब्दकोश. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रश्रित, मोदनाथ (२०४९). जब चल्छ हुरी. ललितपुर : पसिना प्रकाशन ।

बराल, कृष्णहरि (२०७०). गीत कसरी लेख्ने ?. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६७). नेपाली गीतगजल भाग १. ललितपुर : साझा प्रकाशन ।

लोहनी, लक्ष्मण (२०१९). हिमालको शान. काठमाडौँ : ईश्वर लोहनी ।

वर्ल्ड बुक इनसाइक्लोपेडिया भोल्युम १४ (सन् १९९५). अमेरिका : लाइब्रेरी अफ कङ्ग्रेस ।

शर्मा, मोहनराज (२०५५). समकालीन समालोचना : सिद्धान्त र प्रयोग. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शाह, श्रीमती रमालोदेवी 'छिन्नलता' (२०२८). अन्तर्भावना. काठमाडौँ : छिन्नलता गीत पुरस्कार गुठी ।


Received : October 2020  Accepted : December 2020